# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७६/०४/२१ गते

# प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

विषय :- आरोप-पत्र दायर गरिएको ।

-----------------------------------

प्रहरी चौकी वगाह, रूपन्देहीमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रेम बहादुर थापाले सेवाग्राहीहरूको हार्डवेयरका सामानहरू बिक्री बितरणको लागि सहज बनाइदिने भनि घुस रिसवत माग गरी पटक पटक दुःख हैरानी दिई व्यवसायमा कठिनाई पुर्‍याएको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय , बुटवलबाट खटिई गएको टोलीले निज प्रहरी सहायक निरीक्षक प्रेम बहादुर थापालाई सेवाग्राहीसँग रू.३ ,५००।–(तीन हजार पाँच सय) घुस वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज प्रहरी सहायक निरीक्षक प्रेम बहादुर थापाले व्यवसायमा सहज गराईदिन्छु भनि सेवाग्राहीसँग घुस रिसवत माग गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको सप्रमाण पुष्टि हुन आएकोले निज प्रेम बहादुर थापालाई बिगो रू. ३,५००। —(तिन हजार पाँच सय) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला